**भाग – १.**

**सूचना**

नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

**जल तथा मौसम विज्ञान विभाग**

**चमेनागृह सञ्चालन सम्बन्धी सिलबन्दी दरभाउपत्र आहवानको सूचना**

प्रथम पटक सूचना प्रकाशित मितिः २०७६।०६।१०

यस जल तथा मौसम विज्ञान विभागमा चमेनागृह सञ्चालन गराउनु पर्ने भएकोले सो सेवा उपलब्ध गराउन इजाजत प्राप्त ईच्छुक फर्म/संस्था/कम्पनीले दरभाउपत्र फाराममा उल्लिखित शर्तहरू तथा कार्यक्षेत्रगत शर्तहरूको अधीनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । दरभाउपत्र फाराम खरिद गर्न फर्म/संस्था/ कम्पनीले आधिकारिक पत्र, दर्ता प्रमाण–पत्र, मूल्य अभिबृद्धि कर प्रमाण–पत्र र आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाण–पत्र पेश गर्नु पर्नेछ । यस सम्बन्धी विस्तृत जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको सूचना पाटी वा बिभागको वेबसाइट dhm.gov.np मा हेर्नु हुन वा खरिद इकाईमा सम्पर्क राख्न अनुरोध छ:

| ठेक्का न् | विवरण | फाराम दस्तुर | फाराम खरिद गर्ने अन्तिम मिति | फाराम बुझाउने अन्तिम मिति | फाराम खोलिने मिति |
|---|---|---|---|---|---|
| Service – 01/076/077 | चमेनागृह सञ्चालन गर्ने | रु.१,०००।– | २०७६ असोज २७ गते (कार्यालय समयभित्र) | २०७६ असोज २८ गते १२.०० बजेसम्म | २०७६ असोज २८ गते गते १.०० बजे |

**भाग – २.**

**दरभाउपत्रदातालाई जानकारी**

१. दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र रु.१,०००।– (एकहजार मात्र) फिर्ता नहुने गरि तिरी यस जल तथा मौसम विज्ञान विभागबाट खरिद गर्न सकिनेछ र १६ औं दिनको १२.०० बजेभित्र सिलबन्दी दरभाउपत्रफाराम यस जल तथा मौसम विज्ञान विभागमा दर्ता गरिसक्नु पर्नेछ । दर्ता भएका सिलबन्दी दरभाउपत्र फारामहरू सोही दिनको १.०० बजेपछि दरभाउपत्र दाता वा निजको मञ्जुरीनामा–पत्र सहितको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । आधिकारिक पत्र विना दरभाउपत्रदाता वा मञ्जुरीनामा पत्र विना दरभाउपत्रदाताको प्रतिनिधिलाई दरभाउपत्र खोल्ने स्थानमा प्रवेश दिइने छैन दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

**२. सिलबन्दी दरभाउपत्रफाराम साथ निम्न लिखित कागजपत्रहरू अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।**

(क) होटेल/चमेनागृह/रेष्टुरेण्ट/फुड कोर्ट/क्याटरिङ्ग सञ्चालन गर्ने मुख्य उद्देश्यले नेपाल सरकारको आधिकारिक निकायमा दर्ता भएको प्रमाण–पत्र (नवीकरण भएको) को प्रमाणित प्रतिलिपि ।

(ख) स्थायी लेखा नम्बर दर्ता तथा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण–पत्रको प्रमाणित प्रतिलिपि ।

(ग) आ.ब. २०७४/७५ को कर चुक्ता प्रमाण–पत्रको प्रमाणित प्रतिलिपि ।

(घ) दरभाउपत्र जमानत बापत रु २००००।- (वीसहजार) मात्र राष्ट्रीय बाणिज्य बैंक ठमेल शाखामा कोष तथा लेखा नियन्त्रक कार्यालय लैनचैरको नाममा रहेको धरौटी खाता नं. ११००२०३०००००० मा यस जल तथा मौसम विज्ञान विभागको कार्यालय कोड नं ३०८०२३५०१ उल्लेख गरि जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंक तथा वित्तीय संस्थावाट यस जल तथा मौसम विज्ञान विभागको नाममा जारी गरेको र फाराम पेश गर्ने अन्तिम मितिदेखि गणना हुने गरी कम्तीमा १२० दिन म्याद भएको बैंक ग्यारेण्टीको सक्कल प्रति पेश गर्नु पर्नेछ ।

(ङ) दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजांए नपाएको भनि लिखित रुपमा घोषणा पेश गर्नु पर्नेछ ।

(च) पावर अफ एटर्नी ।

३. **दरभाउपत्रदाताको न्यूनतम योग्यताका आधारहरू** (Eligibility Criteria)

(क) होटेल/चमेनागृह/रेष्टुरेण्ट/फुड कोर्ट/क्याटरिङ्ग सञ्चालन गर्ने मुख्य उद्देश्यले नेपाल सरकारको आधिकारिक निकायमा दर्ता भएको ।

(ख) स्थायी लेखा नम्बर दर्ता तथा मूल्य अभिबृद्धि करमा दर्ता भएको ।

(ग) आ.ब.२०७४/७५ को कर चुक्ता भएको ।

(घ) कार्य क्षेत्रगत शर्त (Terms of Reference) को बुँदा १० नं. मा उल्लेख भए अनुसारका जनशक्ति तथा बुँदा नं. ११ को (ख) मा उल्लेख भए अनुसारका उपकरणहरू भएको ।

(ङ) कम्तीमा ५० (पचास) जना सेवाग्राही भएको सरकारी वा सार्वजनिक वा निजी क्षेत्रका कार्यालयमाका एकै पटक कम्तीमा २५ (पचिस) जना सेवाग्राहीलाई नास्ता/खाजा/खाना खुवाउन सक्ने भौतिक एवं व्यावसायिक क्षमता भएको र त्यस्ता कार्यालयमा कम्तीमा ३(तीन) वर्ष होटेल/चमेनागृह/ रेष्टुरेण्ट/ फुड कोर्ट/क्याटरिङ्ग सञ्चालन अनुभव गरे/भएको ।

४. दरभाउपत्र फाराम खरिद गर्न ईच्छुक फर्म/संस्था/कम्पनीले आधिकारिक पत्र, स्थायी लेखा नम्बर, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण–पत्र, आ.ब. २०७५/७६ को कर चुक्ता प्रमाण–पत्रको प्रतिलिपि पेश गरेपछि मात्र दरभाउपत्र फाराम दिइने छ । दरभाउपत्रदाताले यस जल तथा मौसम विज्ञान विभागबाट वितरित दरभाउपत्र फाराम नै प्रयोग गर्नु पर्नेछ । अन्य तवरले प्राप्त भएको दरभाउपत्र फाराम मान्य हुने छैन ।

५. जुन फर्म/संस्था/कम्पनीले दरभाउपत्र फाराम खरिद गरेको हो सोही फर्म/संस्था/कम्पनीबाट मात्र दरभाउपत्र फाराम पेश गर्न पाइनेछ ।

६. दरभाउपत्रफारामको प्रत्येक पानामा दरभाउपत्रदाताको आधिकारिक सही तथा फर्म/संस्था/कम्पनीको छाप लागेको हुनु पर्नेछ । दरभाउपत्रको खाम बाहिर "जल तथा मौसम विज्ञान विभाग" "चमेनागृह सञ्चालन सम्बन्धी दरभाउपत्र" उल्लेख गरेको हुनु पर्नेछ ।

७. दरभाउपत्र फाराम विक्री गर्ने, दर्ता गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा बिदा पछि कार्यालय खुलेको दिन उल्लिखित समय र स्थानमा दरभाउपत्र फाराम विक्री गर्ने, दर्ता गर्ने तथा खोल्ने कार्य हुनेछ ।

८. सिलबन्दी नभएको, म्याद नाघी आएको, रित नपुगेको, कुनै शर्त राखिएको, न्यूनतम योग्यता प्रमाणित गर्ने कागजपत्रहरूको प्रतिलिपि पेश नभएको वा दरभाउपत्र फाराममा उल्लिखित खाजा/खानाको सम्पूर्ण आइटमका लागि मूल्य कबोल नगरेको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन र मूल्याङ्कन प्रक्रियामा समेत समावेश गरिने छैन ।

९. दरभाउपत्र फाराममा आफुले कबोल गरेको प्रति इकाई मूल्य अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी छुट्टाछुट्टै लेख्नुपर्नेछ । अंक र अक्षरको बीचमा फरक पर्न गएमा अक्षरमा अंकित मूल्यलाई मान्यता दिइनेछ दरभाउपत्र फाराममा आफुले कबोल गरेको प्रति इकाई मूल्य र जम्मा मूल्यमा फरक पर्न गएमा प्रति इकाई मूल्यलाई मान्यता दिइनेछ । दरभाउपत्र फाराममा केरमेट भएमा केरमेट गरिएको ठाँउमा दरभाउपत्रदाताले सही गर्नुपर्नेछ ।

१०. कुनै कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने वा घटी वा बढी अंकको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस जल तथा मौसम विज्ञान विभागमा रहनेछ ।

११. दरभाउपत्र स्वीकृत भएको १५ (पन्ध्र) दिन भित्र जल तथा मौसम विज्ञान विभागमा सम्झौता गर्न आउन स्वीकृत दरभाउपत्र दातालाई जानकारी गराइनेछ । दरभाउपत्रदाताले सम्झौता गर्न आउदा कार्य सम्पादन जमानत (परफरमेन्स ग्यारेण्टी) बापत मूल्य अभिबृद्धि करसहित आफुले कबोल गरेको कूल रकमको कम्तीमा ५ प्रतिशतले हुने रकम राष्ट्रीय बाणिज्य बैक ठमेल शाखामा कोष तथा लेखा नियन्त्रक कार्यालय लैनचैरको नाममा रहेको खाता नं.११००२०३०००००० मा यस जल तथा मौसम विज्ञान विभागको कार्यालय कोड नं ३०८०२३५०१ मा जम्मा गरेको सक्कल बैंक भौचर तथा सोही बैंक र खातामा धरौटी वापत नगद रु.१,००,०००।–(एक लाख) जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ । तोकिएको अवधि भित्र सम्झौता गर्न नआएमा स्वीकृत दरभाउपत्रदाताको दरभाउपत्र जमानत रकम जफत गरी नियमानुसार प्रक्रिया अगाडि बढाइनेछ ।

१२. सम्झौतामा सही गर्न आधिकारिक पत्र सहित स्वीकृत दरभाउपत्रदाता आफै वा मञ्जुरीनामा पत्र सहितको आफ्नो प्रतिनिधि तथा एक जना साक्षी सहित उपस्थित हुनु पर्नेछ ।

१३. अस्वीकृत दरभाउपत्रदाताको दरभाउपत्र जमानत रकम स्वीकृत दरभाउपत्रदाता र जल तथा मौसम विज्ञान विभागबीच सम्झौता भएपछि फिर्ता गरिनेछ ।

१४. दरभाउपत्र सम्बन्धी कुनै संशोधन गर्नु परेमा सोको जानकारी जल तथा मौसम विज्ञान विभागको सूचना पाटीमा टाँस गरिनेछ ।

१५. यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा दरभाउपत्र फाराम तथा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम हुनेछ ।

१६. यस सम्बन्धी विस्तृत जानकारीका लागि यस जल तथा मौसम विज्ञान विभागको खरिद इकाईमा सम्पर्क राख्न सकिनेछ ।

---

यस बिभागमा संचालनमा रहेको जलवायु प्रकोप समुथान आयोजना (PPCR – BRCH) बाट मिति २०७६/५/२०/ को अन्नपूर्ण पोष्टमा प्रकाशित सूचना न PPCR/DHM/G/NCB-57-2, Procurement of Maintenance Vehicle for DHM सम्वन्धी सूचनामा **Office Code No. 308023501** हुनुपर्नेमा अन्यथा भयकाले सम्शोधन गरियको छ /